राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ अंक २९९ २०८३ जेठ १० गते आईतवार (24 May. 2026) पृष्ठ ४ मूल्य रु. ३।-

## नक्कली रसिद प्रकरणमा लेखापढी व्यवसायी पक्राउ

दैनिक समाचारदाता

पर्सा, ९ जेठ। पर्सामा नक्कली रसिद प्रयोग गरी सरकारी राजस्व छली गरेको आरोपमा एक जना लेखापढी व्यवसायी पक्राउ परेका छन्। पक्राउ पर्नेमा वीरगञ्जस्थित शुभलाभ लेखापढीका सञ्चालक ओमप्रकाश यादव रहेका छन्।

प्रहरीका अनुसार यादवले भूमि प्रशासन कार्यालय, पर्सामा नक्कली रसिद प्रयोग गरी सरकारी राजस्व हिनामिना गरेको आरोप लागेको छ। यस सम्बन्धमा भूमि प्रशासन कार्यालयमा लिखित उजुरी परेपछि अनुसन्धान प्रक्रिया अघि बढाइएको हो।

भूमि प्रशासन कार्यालय, पर्साका प्रमुख खेमराज खत्रीका अनुसार ६ जेठमा यादवविरुद्ध नक्कली रसिद बनाएर राजस्व छली गरेको भन्दै उजुरी परेको थियो। कार्यालयले आन्तरिक छानबिन गर्दा नक्कली रसिदमार्फत करिब चार लाख ७२ हजार रुपैयाँ बराबरको राजस्व छली भएको तथ्य फेला परेको उनले बताए।

त्यसपछि आवश्यक कारबाहीका लागि जिल्ला प्रहरी कार्यालय, पर्सामा लिखित उजुरी दिइएको खत्रीले जानकारी दिए।

प्रहरीले भूमि प्रशासन कार्यालयको उजुरीपछि यादवलाई नियन्त्रणमा लिएर अनुसन्धान थालेको जनाएको छ। पर्साका प्रहरी प्रवक्ता तथा प्रहरी नायब उपरीक्षक हरिबहादुर बस्नेतका अनुसार यादवमाथि किर्ते रसिद तयार गरी सरकारी राजस्व हिनामिना गरेको आरोपमा अनुसन्धान भइरहेको छ।

नक्कली रसिद कसरी तयार गरियो, राजस्व रकम कहाँ प्रयोग भयो तथा घटनामा अन्य व्यक्तिको संलग्नता छ वा छैन भन्ने विषयमा समेत अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

यादवलाई शुक्रबार पर्सा जिल्ला अदालतमा उपस्थित गराई पाँच दिनको म्याद थप अनुमति लिएर थप अनुसन्धान अघि बढाइएको छ।

घटनापछि भूमि प्रशासन कार्यालय वीरगञ्जले सेवाग्राहीलाई सरकारी कार्यालयबाट उपलब्ध गराइने आधिकारिक रसिद तथा स्वीकृत भुक्तानी प्रणाली मात्र प्रयोग गर्न आग्रह गरेको छ।

## बालिका भारत लैजान खोज्ने दुई भारतीय पक्राउ

काठमाडौँ, ९ जेठे। नेपाल प्रहरीले मानव बेचबिखन तथा ओसारपसारमा संलग्न रहेको अभियोगमा दुई जना भारतीय नागरिकलाई पक्राउ गरी आज सार्वजनिक गरेको छ।



पक्राउ पर्नेमा भारत देश राजस्थान प्रदेश मागेवास ग्राम पञ्चायत जयपुर जिल्ला बरुणपथ थानाधर ठेगाना भएका २४ वर्षीय छोटुलाल जांगिड तथा भारत राजस्थान प्रदेश सभम विहार मानेवार ग्रामपञ्चाय जयपुर जिल्ला घर भएका २१ वर्षीय देन्वेन्द्रकुमार हरिजन रहेका नेपाल प्रहरीका केन्द्रीय प्रहरी प्रवक्ता एवं प्रहरी नायब महानिरीक्षक अविनारायण काफ्लेले जानकारी दिनुभयो।

उहाँले भन्नुभयो, "ललितपुर महानगपालिका-१४ खुमलटार बस्ने एक बालिकालाई फकाई भारतको दिल्ली जाने बसको टिकट काट्दै गरेको अवस्थामा पीडित बालिकाको उद्धार गरी उनीहरुलाई पक्राउ गरिएको हो।" पक्राउ परेका उनीहरू दुवै जनामाथि मानव बेचबिखन ओसारपसारअन्तर्गतमा थप अनुसन्धान कार्य जारी रहेको प्रवक्ता काफ्लेले बताउनुभयो। रासस

## जनकपुरलाई शिक्षाको केन्द्र बनाउन सामूहिक पहल आवश्यक : मुख्य न्यायाधीश कुँवर

दैनिक समाचारदाता

जनकपुरधाम, ९ जेठ। उच्च अदालत जनकपुरका कायम मुकायम मुख्य न्यायाधीश टेकनारायण कुँवरले जनकपुरधामलाई पुनः शिक्षाको केन्द्रका रूपमा स्थापित गर्न सामूहिक पहल आवश्यक रहेको बताएका छन्।




रौनियार युवा मञ्चद्वारा एसईईमा उत्कृष्ट अंक ल्याएका विद्यार्थीहरूको सम्मानमा आयोजित कार्यक्रममा बोल्दै उनले जनकपुरधाम कुनै समय शिक्षा, ज्ञान र संस्कृतिको महत्वपूर्ण केन्द्र रहेकाले त्यसको पुरानो पहिचान फर्काउन सबै पक्ष जिम्मेवार भएर लाग्नुपर्ने बताए।

मुख्य न्यायाधीश कुँवरले पछिल्लो समय जनकपुरधामको शैक्षिक स्तरमा क्रमशः गिरावट देखिन थालेको उल्लेख गर्दै युवापुस्तामा लगानी गर्न सके मात्रै समाज र राष्ट्रको भविष्य उज्ज्वल बन्ने धारणा राखे।

विद्यार्थीलाई सम्मान गर्ने कार्यले उनीहरूमा थप उत्साह र प्रेरणा मिल्ने भन्दै उनले रौनियार युवा मञ्चको पहललाई उदाहरणीय कार्यको संज्ञा दिए।

"आजका विद्यार्थी नै भोलिका नेतृत्वकर्ता, प्रशासक, चिकित्सक, अभियन्ता र राष्ट्र निर्माणका आधार हुन्," उनले भने, "युवामा लगानी गरे मात्रै जनकपुरधामले आफ्नो पुरानो वैभव र गरिमा पुनः प्राप्त गर्न सक्छ।"

रौनियार युवा मञ्चका अध्यक्ष राकेश गुप्ताको अध्यक्षतामा सम्पन्न कार्यक्रममा स्वजातीय समुदायका १६ जना तथा जनकपुरधामका विभिन्न सामुदायिक विद्यालयबाट उत्कृष्ट अंकसहित एसईई उत्तीर्ण गरेका २० जना विद्यार्थीलाई सम्मान गरिएको थियो।

कार्यक्रममा जनकपुरधाम उपमहानगरपालिका-४ का वडाध्यक्ष सुरेश झा, रौनियार सेवा समितिका प्रमुख संरक्षक शिवनाथ गुप्ता, याज्ञवल्क्य संस्कृत माध्यमिक विद्यालय ज्ञानकुपका प्रधानाध्यापक संजय झा तथा नेपाल पत्रकार महासंघ धनुषाका अध्यक्ष पुरन गुप्तालगायतको उपस्थिति रहेको थियो।

## महोत्तरीमा २०९ जनाले पाए आमाको नामबाट नागरिकता

दैनिक समाचारदाता

महोत्तरी,९ जेठ। महोत्तरीमा पछिल्लो चार महिनामा २०९ जनाले आमाको नामबाट वंशजका आधारमा नेपाली नागरिकता प्राप्त गरेका छन्।




गत २०८२ पुस ११ गते बसेको मन्त्रिपरिषद् बैठकले बाबुको पहिचान नखुलेका सन्तानलाई आमाको नामबाट नागरिकता दिने निर्णय गरेको थियो। उक्त निर्णयअनुसार पुस २१ गते नेपाल राजपत्रमा सूचना प्रकाशित भएपछि सबै जिल्ला प्रशासन कार्यालयमा परिपत्र गरी व्यवस्था कार्यान्वयनमा ल्याइएको थियो।

प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवका अनुसार आवश्यक कागजी प्रक्रिया पूरा गरेपछि २०८२ माघ ६ गतेदेखि जिल्ला प्रशासन कार्यालयमार्फत आमाको नामबाट नागरिकता वितरण सुरु गरिएको हो।

यस व्यवस्थाअनुसार नेपाली नागरिक आमाबाट नेपालमै जन्मिएका र बाबुको पहिचान खुल्न नसकेका व्यक्तिले स्वघोषणासहित आवश्यक प्रक्रिया पूरा गरी वंशजका आधारमा नागरिकता प्राप्त गर्न थालेका छन्।

जिल्ला प्रशासन कार्यालय महोत्तरीका अनुसार २०८२ माघ ६ गतेदेखि २०८३ जेठ ९ गतेसम्म २०९ जनाले आमाको नामबाट नागरिकता लिइसकेका छन्।


**सरकारी तथा सार्वजनिक सम्पत्तिको संरक्षण गरौं**

- सडक, पार्क, विद्यालय, अस्पतालजस्ता संरचनामा तोडफोड नगरौं,
- सार्वजनिक स्थलमा सरसफाइ गरौं र फोहोर नगरौं,
- विद्युत, पानी तथा अन्य स्रोतहरूको बचत गरौं,
- सरकारी सामग्रीको दुरुपयोग र हिनामिना हुन नदिऔं,
- ऐतिहासिक, सांस्कृतिक तथा प्राकृतिक सम्पदाको संरक्षण गरौं,
- अनधिकृत अतिक्रमण र क्षतिबाट सार्वजनिक सम्पत्तिलाई जोगाऔं,

*सार्वजनिक सम्पत्तिको संरक्षण गर्नु सबैको दायित्व हो।*

नेपाल सरकार
**विज्ञापन बोर्ड**

अब उत्कृष्ट भविष्यको रोजाई



**MIT Campus, Janakpurdham**


- गुणस्तरीय शिक्षा
- अनुभवी तथा दक्ष शिक्षक टोली
- आधुनिक शिक्षण पद्धति
- अनुशासित र विद्यार्थीमैत्री वातावरण
- उत्कृष्ट नतिजासहित उज्ज्वल भविष्यको सुनिश्चितता

"आजको सही निर्णय, भोलिको सफल भविष्य"

किन रोज्ने
- SEE पछि उत्कृष्ट अध्ययनको अवसर
- विज्ञान, वाणिज्य तथा व्यवस्थापन संकायमा विशेष सफलता
- नियमित कक्षा, अतिरिक्त शैक्षिक गतिविधि र करिअर मार्गदर्शन
- प्रतिस्पर्धात्मक परीक्षाको तयारीमा विशेष ध्यान
- आधुनिक प्रयोगशाला तथा सुविधा सम्पन्न कक्षा कोठा

**Janakpurdham-4,Dhanusha Nepal**
Mob. No. 9801670856, 9801670861, 9854025907, 9844005260 Phone : 041-425035, 526377
Email: mitcampus.jnk@gmail.com Website : www.mitjnk.edu.np

विज्ञान, वाणिज्य तथा व्यवस्थापन शिक्षामा विश्वासिलो नाम



## सम्पादकीय

# बढ्दो बेरुजु र कमजोर वित्तीय अनुशासन

मधेश प्रदेशमा बेरुजुको दर लगातार बढ्दै जानु केवल प्रशासनिक कमजोरीको विषय होइन, यो सार्वजनिक वित्तीय सुशासनमाथिको गम्भीर प्रश्न पनि हो । महालेखा परीक्षक कार्यालयको आठौँ वार्षिक प्रतिवेदनले देखाएको यथार्थले प्रदेश सरकार, स्थानीय तह र सम्बन्धित निकायहरूलाई आत्मसमीक्षा गर्न बाध्य बनाएको छ । अन्य प्रदेशको तुलनामा मधेशमा बेरुजुको दर उच्च हुनु सामान्य तथ्य होइन; यसले सार्वजनिक खर्चको पारदर्शिता, जवाफदेहिता र प्रभावकारितामाथि नै प्रश्न उठाएको छ ।

सरकारी बजेट जनताको करबाट सञ्चालन हुने भएकाले त्यसको प्रत्येक रुपैयाँ जिम्मेवारीपूर्वक खर्च हुनु आवश्यक हुन्छ । तर प्रतिवेदनले सार्वजनिक खर्चमा वित्तीय अनुशासन कमजोर रहेको औँल्याएको छ । अझ असार महिनामा हतारहतार रकमान्तर गर्ने प्रवृत्ति, पर्याप्त कानुनको अभाव तथा दरबन्दी हुँदाहुँदै करारमा कर्मचारी नियुक्त गर्ने अभ्यासले आर्थिक अनियमिततालाई संस्थागत बनाइरहेको संकेत गरेको छ । यस्ता गतिविधिले केवल बेरुजु बढाउने मात्र होइन, विकासको गुणस्तरलाई पनि कमजोर बनाउँछ ।

विशेष चिन्ताको विषय त के छ भने जेनजी आन्दोलनका क्रममा स्रेस्ता नष्ट भएका कारण धेरै कार्यालयहरूको लेखापरीक्षण नै हुन सकेन । १३६ स्थानीय तहमध्ये ११९ वटाको मात्र लेखापरीक्षण सम्पन्न हुनु वित्तीय व्यवस्थापनको जोखिमपूर्ण अवस्था हो । अभिलेख सुरक्षित राख्न नसक्ने प्रणालीले पारदर्शिता र उत्तरदायित्वलाई कमजोर बनाउँछ । सार्वजनिक निकायका कागजात नष्ट हुनु भनेको राज्यको आर्थिक इतिहास नै मेटिनु सरह हो । यसले भविष्यमा अनियमितता छानबिन गर्न कठिन बनाउने खतरा पनि उत्तिकै बढाएको छ ।

महालेखा परीक्षक कार्यालयले सार्वजनिक खर्चमा मितव्ययिता, पारदर्शिता र जवाफदेहिता कायम गर्न सुधारात्मक कदम आवश्यक रहेको स्पष्ट सन्देश दिएको छ । प्रदेश सरकार तथा मातहतका निकायले यसलाई केवल औपचारिक प्रतिवेदनका रूपमा लिएर थन्क्याउने होइन, सुधारको अवसरका रूपमा ग्रहण गर्नुपर्छ । बेरुजु घटाउने प्रभावकारी संयन्त्र, नियमित अनुगमन, डिजिटल अभिलेख व्यवस्थापन र कानुनी स्पष्टता अहिलेको मुख्य आवश्यकता हो ।

प्रदेश प्रमुख डा. सुरेन्द्रलाभ कर्णले प्रतिवेदनका विषयलाई गम्भीर रूपमा लिएर वित्तीय सुशासन कायम गर्न सुझाव दिने प्रतिबद्धता व्यक्त गरेका छन् । तर सुशासन केवल सुझाव र प्रतिबद्धताले मात्र स्थापित हुँदैन । त्यसका लागि राजनीतिक इच्छाशक्ति, प्रशासनिक इमानदारी र कठोर कार्यान्वयन आवश्यक हुन्छ । बेरुजु वर्षेनि दोहोरिने रोगजस्तै बनेको अवस्थामा अब सरकार "सुधार गर्ने" भाषणभन्दा अघि बढेर परिणाम देखाउने चरणमा पुग्नुपर्छ ।

मधेश प्रदेश विकास र समृद्धिको ठूलो सम्भावना बोकेको क्षेत्र हो । तर आर्थिक अनुशासन कमजोर रहिरहे विकासका योजना कागजमै सीमित हुनेछन् । जनताले अपेक्षा गरेको सुशासन र विकास सुनिश्चित गर्न वित्तीय पारदर्शिता अब विकल्प होइन, अनिवार्य शर्त बनेको छ ।

# राजनीतिमा इमान रोज्ने कि अवसरवाद ?



कल्याण गुरुङ

सत्ता, लालच र निजी स्वार्थको लागि इमान त्याग्नेहरुलाई केही भन्नु छैन । तर समाजमा इमान त्याग्ने र बेच्नेहरु मात्रै छैनन्, इमानदारहरु पनि प्रशस्त छन् । जहानिया राणाकालमा महान् सहिदहरु लखन थापा मगर, गंगालाल श्रेष्ठ, दशरथ चन्द, धर्मभक्त माथेमा, शुक्रराज शास्त्रीका साथै टङ्कप्रसाद आचार्य, कृष्णप्रसाद कोइराला, दिव्या कोइराला, बिपी कोइराला, गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई, गिरिजाप्रसाद कोइराला र मंगलादेवी सिंहहरुले संघर्ष नगर्नु भएको भए के नेपालमा जहानिया राणा शासनको अन्त्य हुन सक्थ्यो ?

महान् सहिदहरुले सत्ता र व्यक्तिगत स्वार्थको लागि तत्कालीन सत्तासँग आत्मसमर्पण र अनुचित सम्झौता गर्नु भएको भए के आज उहाँहरु स्मरणयोग्य हुनुहुन्थ्यो होला ? के महान् सहिदहरुले आफ्नो प्राण आहुति दिएर सहादत प्राप्त नगर्नु भएको भए नेपालमा जहानिया राणा शासनको अन्त्य र लोकतन्त्रको बहाली सम्भव थियो ?

बिपी कोइराला, सुवर्ण शमसेर, गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई, गिरिजाप्रसाद कोइराला, महेन्द्रनारायण निधि, दिवानसिं राई, रामनारायण मिश्र, मिनबहादुर गुरुङ, शेष इद्रिस, बलबहादुर राई, भीमबहादुर तामाङ, मंगलादेवी सिंह, सुशील कोइराला, शेरबहादुर देउवा, रामचन्द्र पौडेल, शैलजा आचार्य, वसन्तकुमार गुरुङ, रामहरि जोशी, केबी गुरुङ, भूविक्रम नेम्वाङ र नोना कोइराला लगायतका नेताहरुले पञ्चायत व्यवस्थाविरुद्ध संघर्षका दौरान लोकतन्त्रको पुनर्बहालीको लागि सिद्धान्तनिष्ठ भएर अनवरत संघर्ष गर्दै जेल र प्रवासमा नबसेर त्यसबेलाको सत्ता र निजी स्वार्थसँग आत्मसमर्पण र सम्झौता गरेको भए नेपालमा के लोकतन्त्रको पुनर्बहाली सम्भव थियो ?

नेपालमा हिंसात्मक द्वन्द्वको समयमा माओवादीसँग कहिल्यै पनि सम्झौता र आत्मसमर्पण नगरेको तथा संघर्ष गरिरहेको कारणले उनीहरुले मारेका र अंगभंग गरेर गम्भीर घाइते बनाएकाहरु हजारौं हुनुहुन्छ । उहाँहरुले मृत्युवरण गर्न स्वीकार गर्नु भयो तर उनीहरुसँग आत्मसमर्पण र सम्झौता गर्नु भएन ।

सिद्धान्तनिष्ठ राजनीति र सत्ताको राजनीतिबीच सदैव संघर्ष रहन्छ, हिजो पनि थियो, आज पनि छ र भोलि पनि रहनेछ । सिद्धान्तनिष्ठ बाटोबाट सत्तामा जाने कि सत्ताको लागि आफ्नो सिद्धान्त बेच्ने सजिलो उपाय रोज्ने ? यो रोजाइले मानिसको असली चरित्र र भविष्यको मार्ग प्रदर्शन गर्छ ।

भाषण सिद्धान्तको गर्ने तर सत्तामा जान जो कसैसँग जेसुकै पनि सम्झौता गर्न तयार हुनेहरु प्रशस्त छन् । उनीहरुको दोधारे व्यवहार हेरेर थाहा भइहाल्छ । हिजो पनि धेरै मानिसहरुले तत्कालीन निर्दलीय पञ्चायत व्यवस्थासँग सत्ता र स्वार्थको लागि आत्मसमर्पण र सम्झौता गरेकै हुन् । सत्ता र निजी स्वार्थका लागि राज्य र संगठनको सत्तासँग आत्मसमर्पण गर्ने मानिसहरुको कमी कहिल्यै पनि हुँदैन । तर तिनीहरु कहिल्यै पनि कसैको पनि हितैषी हुँदैनन् र समयसँगै परिवर्तन हुँदै बिलाउँदै जान्छन् ।

०४६ अगाडि मात्रै होइन, ०५९ र ०६१ पछि पनि कठिन र असहज परिस्थितिमा धेरै मानिसहरु दुलोभित्र लुकेको दृष्टान्तहरु जीवितै छन् । स्थिति सहज भए पछि तिनै मानिसहरु नै ठूलो स्वरले लाजै नमानी कराउँदै आएको देख्ने मानिसहरु पनि प्रशस्त छन् ।

सत्ता राज्यको होस् वा संगठनको सत्ता होस्, त्यो सत्तालाई उनै लोभी, स्वार्थी र आत्मसमर्पण गर्नेहरुको जत्थाले नै वरिपरिबाट घेरेर चाँडै सिध्याएको प्रत्यक्ष उदाहरण नेपालमा प्रशस्त पढ्न र देख्न सकिन्छ । तिनीहरुले पहिले प्रशंसा र चाकडीको पहाड बनाउँछन् । त्यही पहाडमुनि षडयन्त्रको गहिरो र साँघुरो प्रशस्त खाल्टोहरु खनिरहन्छन् । कुन बेला कसलाई चलाखीपूर्वक कुन खाल्टोमा खसाल्छन्, थाहै हुँदैन ।

लोभी, स्वार्थी र आत्मसमर्पणवादीहरु कसैका पनि हितैषी हुँदैनन् । तिनीहरुले जसलाई जुन सुकै बेला पनि त्याग्न र धोका दिन सक्छन् र जसलाई पनि पतन गराउनको लागि सहयोगी र उत्प्रेरकको रुपमा जुन सुकै बेला पनि दुरुपयोग हुन सक्छन् । तिनीहरुका क्रियाकलापको भविष्यवाणी तिनीहरु स्वयंले पनि गर्न सक्दैनन् । झट्ट बाहिरबाट हेर्दा तिनीहरु सबैको प्रिय भएजस्तो चिप्लो, सहज र सस्तो देखिन्छन्, तर यथार्थमा तिनीहरु आफ्नो निजी स्वार्थको बाहेक कसैको पनि हितैषी हुँदैनन् ।

बिपी कोइरालालाई धोखा दिएर धेरै मान्छेहरु पञ्चायतको जयजयकार गरे तर उहाँले संघर्षको बाटो रोज्नुभयो । जीवनभर दु:ख पाउनुभयो तर पञ्चायतसँग सम्झौता र आत्मसमर्पण गर्नु भएन । यसैले बिपी आज हरेक लोकतन्त्रवादीले स्मरण गर्ने नाम हुनु भयो । तत्कालीन पञ्चायतमा गएकाहरु कता हराए, पत्तै छैन ।

सत्ता र स्वभिमानबीच सदैव संघर्ष हुन्छ । निजी स्वार्थ र आत्मसम्मानबीच पनि सदैव संघर्ष हुन्छ । यस प्रकारको मनोवैज्ञानिक, मानसिक र व्यवहारिक संघर्षमा जसले आत्मसम्मान र स्वाभिमानलाई जोगाउनसक्छ । उही नै भविष्यसम्म स्मरणयोग्य हुन्छ । जसले जोगाउन सक्दैन, उसलाई या त सत्ताको रापले खरानी बनाइदिन्छ, या त सत्ताको मातले अन्धो वा दुर्व्यसनी बनाइदिन्छ ।

सोच्छु, बिपीले तत्कालीन सत्तासँग सम्झौता र आत्मसमर्पण गरेको भए प्रधानमन्त्री रहिरहनु हुन्थ्यो होला । तर, सम्झौता गर्नुभएन । गणेशमान सिंहले प्रधानमन्त्रीको पद त्याग गर्नुभयो । धेरै नेताहरुलाई तत्कालीन पञ्चायतले प्रधानमन्त्री र मन्त्री पदको लागि बोलाएको थियो । तर, उहाँहरुले तत्कालीन पञ्चायतसँग सम्झौता र आत्मसमर्पण गरेर जानु भएन ।

त्यसैले उहाँहरु नेता बन्नुभयो । उहाँहरुमध्ये धेरैले जीवनमा आत्मसम्मान र स्वाभिमान बाहेक सत्ताको नाममा केही पाउनुभएन । यी यस्ता अदृश्य ताकत हुन्, जसले संसारलाई सकारात्मक रुपले बदल्न प्रेरणा दिन्छ । तर, आज केही मानिसहरु आफ्नो, आफ्नो परिवार र नातागोताको तुच्छ स्वार्थको लागि जोसँग, जे पनि, जति बेला पनि र जति पटक पनि सम्झौता र आत्मसमर्पण गर्न सक्ने रहेछन् र जसलाई पनि जुनसुकै बेला पनि धोखा दिन सक्ने रहेछन् ।

तिनीहरुलाई स्वयंसँग लाज पनि लाग्छ कि लाग्दैन ? तिनीहरुलाई आफैसँग शरम पनि लाग्छ कि लाग्दैन ? छेपारोभन्दा पनि धेरै चाँडो र अनेक पटक रङ बदल्नसक्ने कस्ता जीवहरु आएछन् भनेर छेपारो पनि छक्क परेको होला । इमान बेच्नेहरुले जसलाई पनि जतिबेला पनि जुनसुकै ठाउँमा क्षणभरमा बेच्न सक्छन् । समाजले यो सबै चर्तिकलाहरु हेररहेको छ र यसको उचित जवाफ समाजले नै उचित समयमा दिनेछ ।

## तपाईको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दु:ख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू


| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# ब्रह्माण्डको रहस्यमाथि नयाँ चुनौती

## पाँच हजार 'फाइबर-अप्टिक आँखा'ले खिच्यो १३.७ अर्ब वर्षअघिको ब्रह्माण्ड



पाँच हजारवटा 'फाइबर-अप्टिक आँखा' जडान गरिएको एक शक्तिशाली उपकरणले ब्रह्माण्डको अहिलेसम्मकै विशाल नक्सा सार्वजनिक गरेको छ। यो नक्साले ब्रह्माण्डबारे स्थापित वैज्ञानिक धारणामाथि नै नयाँ प्रश्न खडा गरेको छ।

संयुक्त राज्य अमेरिकाको एरिजोनास्थित किट पीक नेशनल अब्जर्भेटरीमा राखिएको 'डार्क एनर्जी स्पेक्ट्रोस्कोपिक इन्स्ट्रुमेन्ट' (डेसी) नामक उपकरणले ४ करोड ७० लाखभन्दा बढी आकाशगङ्गा (ग्यालेक्सी) र क्वेजार तथा २ करोडभन्दा बढी ताराहरूको तस्बिर खिचेको छ।

यो सङ्ख्या यसअघि गणना गरिएका आकाशगङ्गा र अन्य ब्रह्माण्डीय वस्तुको कुल सङ्ख्याभन्दा झन्डै छ गुणा बढी हो। डेसीले खिचेका तस्बिरहरू ११ अर्ब प्रकाशवर्ष टाढासम्मका छन्। अर्थात्, यसले ब्रह्माण्ड निर्माणको प्रारम्भिक चरणमै रहेका आकाशगङ्गाहरूको अवस्थासमेत देखाएको छ। कोलम्बियास्थित ईसीसीआई विश्वविद्यालयकी खगोलशास्त्री लुस आन्हेला गार्सियाका अनुसार त्यो समय झन्डै १३.७ अर्ब वर्षअघिको हो।

यो विशाल नक्साले आकाशगङ्गाहरूको संरचना र तिनको विकास प्रक्रियाबारे थप स्पष्ट बुझाइ दिनुका साथै विज्ञानको सबैभन्दा रहस्यमय विषय मानिएको 'डार्क एनर्जी'बारे पनि नयाँ सङ्केत प्रस्तुत गरेको छ।

*आकाशको एकतिहाइ भागको नक्साङ्कन*

डेसीले पाँच वर्षको अवधिमा आकाशको झन्डै एकतिहाइ भागको नक्साङ्कन गरिसकेको छ। उक्त उपकरणले एकै रातमा एक लाखभन्दा बढी आकाशगङ्गाको मापन गर्न सक्षम भएको वैज्ञानिकहरूले बताएका छन्।

आकाशगङ्गाबाट पृथ्वीतर्फ आउने प्रकाशलाई फाइबर-अप्टिक डिटेक्टरमार्फत विश्लेषण गरेर डेसीले तिनको 'स्पेक्ट्रम' अर्थात् रङ्गीय संरचना मापन गर्छ। यसबाट ब्रह्माण्ड कति तीव्र गतिमा फैलिरहेको छ भन्ने तथ्य पत्ता लगाउन सकिन्छ।

तर डेसीको सबैभन्दा महत्त्वपूर्ण उपलब्धि भने 'डार्क एनर्जी'बारे देखिएको नयाँ संकेत हो। वैज्ञानिकहरूका अनुसार ब्रह्माण्डको करिब ७० प्रतिशत हिस्सा डार्क एनर्जीले ओगटेको छ र यही शक्तिले ब्रह्माण्डलाई निरन्तर फैलाइरहेको मानिन्छ। यद्यपि यसको वास्तविक स्वरूप अझै रहस्यमै छ।

अहिलेसम्म डार्क एनर्जीलाई 'कोस्मोलोजिकल कन्स्ट्यान्ट' अर्थात् स्थिर ऊर्जा मानिँदै आएको थियो। महान् वैज्ञानिक बदिभचत भ्ष्लकतभष्ल ले प्रतिपादन गरेको सामान्य सापेक्षताको सिद्धान्तमा समेत यसलाई समावेश गरिएको छ। वैज्ञानिक लेखिका क्लेअर क्यामरनका अनुसार यसले ब्रह्माण्ड स्थिर दरमा फैलिरहेको मान्यतालाई समर्थन गर्छ।

*परिवर्तनशील डार्क एनर्जीको संकेत*

नयाँ अनुसन्धानले भने डार्क एनर्जी स्थिर नभई समयसँगै परिवर्तन हुने सम्भावनालाई बलियो बनाएको छ। डेसीले केही समयदेखि यस्तो प्रवृत्ति अवलोकन गरिरहेको वैज्ञानिकहरू बताउँछन्।

सन् २०२५ मा डेसी टोलीले डार्क एनर्जीको 'प्रतिगुरुत्वाकर्षणीय प्रभाव' क्रमशः कमजोर बन्दै गएको हुन सक्ने संकेत सार्वजनिक गरेको थियो।

ब्रह्माण्ड विस्तारिँदै जाँदा आकाशगङ्गाबीचको दूरी पनि बढ्छ, र यही विस्तारलाई तीव्र बनाउने शक्ति डार्क एनर्जी मानिन्छ। तर यदि यो ऊर्जा साँच्चै कमजोर हुँदै गएको हो भने, ब्रह्माण्डबारेको आधुनिक बुझाइ नै फेरिन सक्छ।

"यसले हाम्रो ब्रह्माण्डको भविष्य अहिलेसम्म सोचिएभन्दा फरक हुन सक्ने देखाउँछ," गार्सिया भन्छिन्।

वैज्ञानिकहरूका अनुसार डार्क एनर्जी कमजोर हुँदै गयो भने भविष्यमा गुरुत्वाकर्षण बल पुनः प्रभावशाली बन्न सक्छ। त्यस अवस्थामा आकाशगङ्गाहरू फेरि एक-अर्कातर्फ तानिन थाल्नेछन् र अन्ततः 'बिग क्रन्च' अर्थात् सम्पूर्ण ब्रह्माण्ड एक बिन्दुमा खुम्चिने अवस्था आउन सक्ने अनुमान गरिएको छ।

दक्षिण कोरियास्थित थ्यलकभष ग्लष्खभचकष्तथ का वैज्ञानिक यङ वुक लीका अनुसार "यदि डार्क एनर्जी स्थिर छैन भने आधुनिक ब्रह्माण्ड विज्ञानको आधारभूत स्वरूप नै परिवर्तन हुन सक्छ।"

*अझ विशाल नक्साको तयारी*

डेसी परियोजनामा संलग्न अनुसन्धानकर्ताहरूले अब नक्साको दायरा २० प्रतिशतले विस्तार गर्ने योजना बनाएका छन्। नयाँ नक्साले १७ हजार वर्ग डिग्री क्षेत्र समेट्नेछ।

खगोलभौतिकशास्त्री इथान सिगलका अनुसार "हात सीधा अगाडि फैलाउँदा कान्छी औँलाको नङले आकाशको करिब एक वर्ग डिग्री भाग ढाक्छ।"

नयाँ संस्करणमा हाम्रो आकाशगङ्गा 'मिल्की वे' वरपरका क्षेत्र, ताराको तीव्र उज्यालोका कारण हालसम्म स्पष्ट रूपमा अवलोकन गर्न नसकिएका भाग तथा वायुमण्डलीय अवरोध भएका क्षेत्रसमेत समेटिनेछन्।

अनुसन्धानकर्ताहरूले 'ड्वार्फ ग्यालेक्सी' र 'स्टेलर स्ट्रिम' को पनि अध्ययन गर्ने योजना बनाएका छन्। 'स्टेलर स्ट्रिम' भन्नाले मिल्की वेको गुरुत्वाकर्षणले साना आकाशगङ्गाबाट तानेका ताराहरूको प्रवाहलाई बुझिन्छ।

डेसी परियोजनाको अर्को प्रमुख उद्देश्य 'डार्क म्याटर'लाई अझ गहिरोसँग बुझ्नु हो। डार्क म्याटर ब्रह्माण्डको अदृश्य पदार्थ हो, जसले यसको अधिकांश पिण्ड ओगटेको मानिए पनि अहिलेसम्म प्रत्यक्ष रूपमा पत्ता लाग्न सकेको छैन।

"हामी अब प्रारम्भिक योजनाभन्दा धेरै अगाडि बढिरहेका छौँ। के भेटिन्छ भन्ने थाहा छैन, तर त्यो अत्यन्त रोचक हुनेमा विश्वस्त छौँ," डेसीका निर्देशक माइकल लेभीले बताएका छन्। बीबीसीबाट

# हवाई आक्रमणमा परी पाँच प्यालेष्टिनी प्रहरीको मृत्यु

गाजा सिटी, ९ जेठ। इजरायलले उत्तरी गाजा पट्टीमा शनिबार गरेको आक्रमणमा पाँच प्रहरी अधिकारीको मृत्यु भएको छ। गाजा सहरको अल-शिफा अस्पतालका अनुसार आक्रमणका केही प्रहरीको मृत्यु भएको र कयौँ घाइते भएको जनाइएको छ।



अस्पताल श्रोतले भनेको छ, "अल-तुआम क्षेत्रमा रहेको प्रहरी चौकीलाई लक्षित गरी इजरायली हवाई आक्रमण भएको, यसबाट पाँच प्रहरीले शहादत प्राप्त गरेका र कयौँ प्रहरी घाइते भएको अवस्थामा अस्पतालमा ल्याइएको थियो।"

इजरायली सैन्य स्रोतले एएफपीलाई बताएअनुसार सेनाले उक्त क्षेत्रमा रहेका हमासका आतङ्ककारीहरूलाई निशाना बनाएको थियो। गाजामा हमास र इजरायलबीच अक्टोबरदेखि युद्धविराम लागू भएको छ तर सम्झौतामा इजरायलले खतराको रूपमा सोचेको लक्ष्यमा आक्रमण गर्ने अधिकार सुरक्षित राखेको छ। रासस

# भातरतीय प्रधानमन्त्री मोदीलाई अमेरिका भ्रमणको निम्तो

एजेन्सी

नयाँ दिल्ली ९ जेठ। अमेरिकी विदेश मन्त्री मार्को रुबियोले शनिबार भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँग भेटवार्ता गरेका छन्।

भेटका क्रममा विदेश मन्त्री रुबियोले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पका तर्फबाट प्रधानमन्त्री मोदीलाई अमेरिका भ्रमणको औपचारिक निमन्त्रणा हस्तान्तरण गरेका छन्।



एएनआईका अनुसार दुई नेताबिच रक्षा, व्यापार, ऊर्जा, रणनीतिक प्रविधि र इन्डो-प्यासिफिक क्षेत्रमा सहकार्य गर्ने विषयमा विस्तृत छलफल भएको छ। बैठकमा पश्चिम एसियाको पछिल्लो अवस्था र इरान संकटबारे पनि गम्भीर विमर्श भएको छ।

यस उच्चस्तरीय बैठकमा भारतका विदेश मन्त्री एस जयशंकर, राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभाल, भारतका लागि अमेरिकी राजदूत सर्जियो गोर र अमेरिकी अन्डर सेक्रेटरी एलिसन हुकरको उपस्थिति थियो।

रुबियोको यो भ्रमण अमेरिकी राष्ट्रपति ट्रम्पको चीन भ्रमणको एक साताभित्रै भएको हो। अमेरिकी मिडियाहरूले यसलाई केवल कूटनीतिक भ्रमण नभई ड्यामेज कन्ट्रोल मिसनको रूपमा व्याख्या गरेका छन्।

'न्यूयोर्क टाइम्स'का अनुसार ट्रम्पको हालैको चीन भ्रमणले एसियाली राजनीतिमा नयाँ हलचल पैदा गरेको छ। बेइजिङमा ट्रम्पले चिनियाँ राष्ट्रपति सी जिनपिङको खुलेर प्रशंसा गर्दै उनलाई 'महान नेता' र 'विशेष मित्र' भन्दै सम्बोधन गरेका थिए, जसले भारतको चासो बढाएको छ।

पछिल्लो एक वर्षदेखि भारत र अमेरिकाबिच केही मुद्दाहरूलाई लिएर सम्बन्धमा चिसोपन देखिएको थियो। गत वर्ष ट्रम्पले भारतमाथि भारी ट्यारिफ लगाएका थिए। यसको पृष्ठभूमिमा प्रधानमन्त्री मोदीले ट्रम्पलाई नोबेल शान्ति पुरस्कारका लागि सिफारिस गर्न अस्वीकार गर्नु र ट्रम्पले भारत-पाकिस्तान विवादमा आफूले मध्यस्थता गरेको भनी गरेको दाबीलाई भारतले सार्वजनिक रूपमा खारेज गर्नु मुख्य कारण मानिन्छ।

साथै पछिल्लो समय ट्रम्पले पाकिस्तानका नेताहरूको प्रशंसा गर्दै इरानसँगको युद्धमा पाकिस्तानलाई मध्यस्थकर्ताको रूपमा अघि सार्नुले नयाँ तनाव सिर्जना गरेको छ। यसले वासिङ्टनले पुनः पाकिस्तानलाई महत्त्व दिन थालेको संकेत भारतले पाएको छ।


यस्तो जटिल परिस्थितिमा, रुबियोको यस भ्रमणको मुख्य उद्देश्य भारतसँगको पुरानो सम्बन्धलाई पुनर्जीवित गर्नु र ट्रम्प सरकारको एसियाली रणनीति तथा चीनसँगको सम्बन्धको दिशाबारे भारतलाई स्पष्ट पार्नु रहेको कूटनीतिक मामिलाका जानकारहरू बताउँछन्।

विहानको सुरुवात ताजा समाचारसँगै। विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका। साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-
Website www.esamachardainik.com
राष्ट्रिय दैनिक समाचार दैनिक जनकपुर

# संविधान संशोधनलाई प्राथमिकता प्रतिनिधिसभा नियमावलीमा विशेष व्यवस्था

दैनिक समाचारदाता

काठमाडौं, ९ जेठ। प्रतिनिधिसभाले संविधान संशोधनसम्बन्धी विषयलाई प्राथमिकतामा राख्दै नयाँ नियमावलीमा विशेष व्यवस्था प्रस्ताव गरेको छ। यसका लागि प्रतिनिधिसभा नियमावली मस्यौदा समितिले संविधान संशोधन विधेयकको कार्यविधिसम्बन्धी छुट्टै प्रावधान समेटेको हो।



प्रतिनिधिसभामा पेस गरिएको प्रस्तावित नियमावलीको नियम १४० मा संविधान संशोधन विधेयकको प्रक्रिया स्पष्ट गरिएको छ। उक्त व्यवस्थाअनुसार संविधानको धारा २७४ बमोजिम प्राप्त संशोधन विधेयक सभामा प्रस्तुत भएको ३० दिनभित्र महासचिव वा निजको अनुपस्थितिमा सचिवले सर्वसाधारणको जानकारीका लागि सार्वजनिक रूपमा प्रकाशन गर्नुपर्नेछ।

यसरी प्रकाशित गरिएको विधेयक सात दिनपछि बसेको कुनै पनि बैठकमा प्रस्तुत गर्न सकिने व्यवस्था गरिएको छ।

संविधानको धारा २७४ ले संविधान संशोधनसम्बन्धी व्यवस्था गरेको छ। उपधारा (१) मा नेपालको सार्वभौमिकता, भौगोलिक अखण्डता, स्वाधीनता तथा जनतामा निहित सार्वभौमसत्तामा प्रतिकूल असर पर्ने गरी संविधान संशोधन गर्न नसकिने उल्लेख छ। यसबाहेक संविधानका अन्य धारामा संशोधन वा खारेजीसम्बन्धी विधेयक संघीय संसद्को कुनै पनि सदनमा पेस गर्न सकिने व्यवस्था छ।

संविधानमै संशोधन विधेयक सम्बन्धित सदनमा पेस भएको ३० दिनभित्र सर्वसाधारणको जानकारीका लागि सार्वजनिक रूपमा प्रकाशन गर्नुपर्ने प्रावधान राखिएको छ।

धारा २७४ को उपधारा (४) अनुसार कुनै प्रदेशको सीमाना परिवर्तन वा अनुसूची-६ मा उल्लिखित विषयसँग सम्बन्धित विधेयक भए त्यस्तो विधेयक संघीय संसद्मा दर्ता भएको ३० दिनभित्र सभामुख वा अध्यक्षले सहमतिका लागि सम्बन्धित प्रदेश सभामा पठाउनुपर्नेछ। यही व्यवस्थालाई नयाँ नियमावलीमा पनि समेटिएको छ।

यदि ३० दिनभित्र बहुसंख्यक प्रदेश सभाले उक्त विधेयक अस्वीकृत गरेको जानकारी सभालाई दिएमा विधेयक स्वतः निष्क्रिय हुने र त्यसउपर थप प्रक्रिया अघि नबढाइने व्यवस्था गरिएको छ। राष्ट्रिय सभाबाट पारित भई प्रदेश सभाको सहमति प्राप्त गरिसकेको विधेयकलाई पुनः सहमतिका लागि पठाउन नपर्ने प्रावधान पनि राखिएको छ।

प्रक्रिया पूरा भएर आएको विधेयक प्रस्तुतकर्ता सदस्यले "विधेयकमाथि विचार गरियोस" भन्ने प्रस्ताव प्रतिनिधिसभाको बैठकमा पेस गर्नेछन्। प्रतिनिधिसभाले संविधान संशोधनको प्रस्ताव स्वीकृत गरेपछि विधेयकमा उल्लेखित धारा, उपधारा, खण्ड वा स्पष्टीकरणमा सीमित रहेर मात्रै संशोधन प्रस्ताव दर्ता गर्न सकिनेछ।

संविधान संशोधन विधेयक तथा त्यससम्बन्धी संशोधन प्रस्तावमाथि दफावार छलफल गरी प्रतिवेदनसहित विधेयक प्रस्तुत गर्न सभामुखले विशेष समिति गठन गर्न सक्ने व्यवस्था पनि नियमावलीमा उल्लेख गरिएको छ।

यसैगरी संविधान संशोधन विधेयकको प्रत्येक धारा वा उपधारामाथि सभामुखले छुट्टाछुट्टै निर्णयार्थ बैठकमा प्रस्तुत गर्नेछन्। संशोधन विधेयक पारित गर्न तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको कम्तीमा दुई तिहाइ बहुमत आवश्यक पर्नेछ। मतदान सदस्यको हस्ताक्षरसहितको मत विभाजन प्रक्रियाबाट गरिनेछ।

नयाँ नियमावलीको उपनियम ११ ले संविधान संशोधन विधेयकसम्बन्धी नयाँ बहस पनि जन्माएको छ। उक्त व्यवस्थाअनुसार प्रतिनिधिसभाबाट पारित भई राष्ट्रिय सभामा पठाइएको संशोधन विधेयक सन्देशसहित फर्किएपछि दुवै सदनमा प्रस्तावको पक्षमा परेको मत तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको कम्तीमा दुई तिहाइ पुगेको भए सभामुखले प्रमाणीकरणका लागि राष्ट्रपतिसमक्ष पठाउनेछन्।

यस व्यवस्थापछि संविधान संशोधन विधेयक प्रतिनिधिसभा र राष्ट्रिय सभाले अलग-अलग दुई तिहाइ बहुमतबाट पारित गर्नुपर्ने हो वा संयुक्त बैठकमार्फत दुई तिहाइ समर्थन जुटाए पुग्ने हो भन्ने विषयमा बहस सुरु भएको छ।

उपनियम ११ यसपटक थप गरिएको नयाँ व्यवस्था हो। यसअघि संविधान संशोधन विधेयकका हकमा संयुक्त सदनको स्पष्ट परिकल्पना गरिएको थिएन। नयाँ नियमावलीले भने आवश्यक अवस्थामा संयुक्त सदन बस्न सक्ने सम्भावनालाई समेत समेटेको देखिन्छ।

अन्य विधेयकका सन्दर्भमा संयुक्त बैठकको व्यवस्था रहे पनि संविधान संशोधन विधेयकमा यस्तो व्यवस्था पहिलोपटक समावेश गरिएको हो। यसले आगामी संविधान संशोधन प्रक्रियामा नयाँ संवैधानिक तथा संसदीय बहसको ढोका खोल्ने देखिएको छ।

# अपाङ्गता भएका महिलामाथि अझै विभेद

दैनिक समाचारदाता

जनकपुरधाम, ९ जेठ। अपाङ्गता भएका महिला तथा बालबालिकाले स्वास्थ्य सेवा, सार्वजनिक सेवा र सामाजिक सुरक्षामा अझै विभेद तथा पहुँचको समस्या भोगिरहेको भन्दै सरोकारवालाहरूले स्थानीय तहलाई थप जिम्मेवार बन्न आग्रह गरेका छन्।

अपाङ्गता भएका महिलाहरूको महासंघ (एफडब्लुएडिएन) द्वारा शुक्रबार जनकपुरधाममा आयोजित स्थानीय जनप्रतिनिधिसँगको समन्वय बैठकमा सहभागीहरूले अपाङ्गता भएका व्यक्तिका अधिकार व्यवहारमै सुनिश्चित हुन नसकेको गुनासो गरेका हुन्।

कार्यक्रममा जनप्रतिनिधि, अधिकारकर्मी तथा अपाङ्गता क्षेत्रमा कार्यरत व्यक्तिहरूले स्वास्थ्य सेवा, संरचना, सेवा पहुँच र बजेट कार्यान्वयनसँग सम्बन्धित विभिन्न समस्या उठाएका थिए।

जनकपुरधाम उपमहानगरपालिकाका उपमेयर किशोरी साहले अपाङ्गता भएका व्यक्तिको स्वास्थ्य, सेवा सुविधा तथा समन्वयका विषयमा स्थानीय तहले काम गरिरहेको उल्लेख गर्दै अझै धेरै चुनौती बाँकी रहेको स्वीकार गरे। उनका अनुसार हालसम्म जनकपुरधाममा ७०२ जनालाई अपाङ्गता परिचयपत्र वितरण गरिएको छ।

उनले विगतमा अपाङ्गमैत्री भवन निर्माणको प्रभावकारी अभ्यास हुन नसकेको र केही योजनाहरू आन्दोलन तथा प्रक्रियागत जटिलताका कारण प्रभावित भएको बताए।

वडा र उपमहानगरपालिकाबीच आवश्यक समन्वय अभाव रहेको उल्लेख गर्दै उनले आगामी दिनमा त्यसलाई सुधार गरिने प्रतिबद्धता व्यक्त गरे। बैठकमा अपाङ्ग महिला कल्याणकारी संघकी अध्यक्ष ममता भट्टले स्वास्थ्य संस्थामा अपाङ्गमैत्री सेवा अभाव रहेको गम्भीर समस्या औँल्याइन्।

उनले अस्पतालमा अपाङ्गमैत्री स्ट्रेचर नहुँदा अपाङ्गता भएका महिलालाई उपचारमा कठिनाइ हुने गरेको बताइन्।

उनका अनुसार डेलिभरीका लागि अस्पताल पुग्ने अपाङ्ग महिलाले स्वास्थ्यकर्मीबाट अपमानजनक व्यवहारसमेत सहनुपरेको अवस्था अझै कायम छ।

"किन बिहे गर्‍यौ, किन बच्चा जन्माउनुपर्‍यो भन्ने जस्ता टिप्पणी सुन्नुपर्छ," उनले भनिन्।

भट्टले अस्पताल तथा सरकारी कार्यालयमा अपाङ्गता भएका व्यक्तिका लागि छुट्टै लाइनको व्यवस्था प्रभावकारी रूपमा लागू नभएको गुनासो गरिन्।

उनले अपाङ्गता भएका महिलाका लागि स्वास्थ्य सामग्री, सेनेटरी प्याडलगायत आधारभूत आवश्यकतामा समेत स्थानीय सरकारले ध्यान दिनुपर्ने आवश्यकता औँल्याइन्।

वडा नम्बर ३ का वडाध्यक्ष दिपेन्द्र साहले अपाङ्गता भएका व्यक्तिसम्म सेवा-सुविधा वडा तहबाट प्रभावकारी रूपमा पुग्न नसकेको स्वीकार गरे।

उनले धेरै अपाङ्गता भएका व्यक्ति बिरामी पर्दा परिवारकै सदस्यबाट समेत उचित हेरचाह नपाउने अवस्था रहेको बताए।

उनले आवश्यक औषधि तथा सेवा घरमै पुग्ने व्यवस्था गर्न सके प्रभावकारी हुने धारणा राख्दै अपाङ्गता वर्गीकरण प्रक्रियामा पहुँच र प्रभावको दुरुपयोग हुने गरेको आरोप लगाए।

"जसको पहुँच छ, उसैले सुविधा पाउने अवस्था अन्त्य हुनुपर्छ," उनले भने।

अधिकारकर्मी मुनि दासले अपाङ्गता भएका महिलालाई नाममात्रको जिम्मेवारी दिने प्रवृत्तिको आलोचना गरिन्।

उनले विभिन्न निकायमा महिलालाई पदाधिकारी बनाइए पनि निर्णय प्रक्रियाबाट टाढा राखिने गरेको बताइन्।

अपाङ्गता भएका व्यक्तिका लागि छुट्याइएको बजेट वास्तविक लाभग्राहीसम्म पुग्न नसकेको आरोप लगाउँदै उनले भनिन्, "अपाङ्गता भएका व्यक्तिको नाममा आउने बजेट गोष्ठी र कार्यक्रममा खर्च भइरहेको छ, प्रत्यक्ष लाभ हुने कार्यक्रममा लगानी हुनुपर्छ।"

कार्यक्रममा 'अपाङ्गता भएका व्यक्तिहरूको यौन तथा प्रजनन स्वास्थ्य तथा अधिकार' विषयमा प्रस्तुति दिँदै विकास झाले संविधान र कानुनले महिलाका लागि विभिन्न अधिकार सुनिश्चित गरे पनि व्यवहारमा कार्यान्वयन कमजोर रहेको बताए।

उनले नगरपालिका, स्वास्थ्य संस्था तथा सार्वजनिक भवनहरू अनिवार्य रूपमा अपाङ्गमैत्री हुनुपर्नेमा जोड दिए।

"हरेक सरकारी कार्यालय र स्वास्थ्य संस्थामा र्‍याम्पसहित सहज पहुँचको व्यवस्था हुनुपर्छ," उनले भने।

झाले आगामी नीति तथा कार्यक्रममा अपाङ्गता भएका व्यक्तिको आवश्यकता र अधिकारलाई प्राथमिकतामा राख्न स्थानीय तहलाई आग्रह गरे।

कार्यक्रममा सहभागीहरूले अपाङ्गता भएका महिला, एकल महिला तथा बालबालिकाले अझै पनि स्वास्थ्य, शिक्षा, रोजगारी र सामाजिक सुरक्षामा विभेद भोगिरहेको उल्लेख गर्दै स्थानीय सरकारलाई व्यवहारिक सुधारतर्फ अग्रसर हुन दबाब दिएका थिए।

सहभागीहरूले अपाङ्गमैत्री पूर्वाधार, सम्मानजनक स्वास्थ्य सेवा, सहज परिचयपत्र वितरण, घरदैलो सेवा तथा अधिकारमा आधारित बजेट कार्यान्वयन सुनिश्चित गर्नुपर्ने मागसमेत गरेका छन्।

# घुससहित प्रमुख प्रशासकीय अधिकृत यादव नियन्त्रणमा

दैनिक समाचारदाता

महोत्तरी, ९ जेठ। महोत्तरीको सोनमा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्रीदेव यादव घुससहित नियन्त्रणमा पर्नुभएको छ।





सडक ढलान योजनाको कार्य सम्पन्न भएपछि भुक्तानी गर्ने क्रममा विभिन्न बहाना बनाई सेवाग्राहीसँग घुस/रिसवत माग गरेको भन्ने सूचना तथा उजुरीका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, बर्दिवासबाट खटिएको टोलीले उहाँलाई नियन्त्रणमा लिएको हो। अख्तियार दुरुपयोग अनुसन्धान आयोगका सहायक प्रवक्ता गणेशबहादुर अधिकारीका अनुसार टोलीले यादवलाई सेवाग्राहीबाट ७२ हजार रुपियाँ घुस लिइसकेको अवस्थामा नियन्त्रणमा लिएको हो। साथै उहाँको साथबाट स्रोत नखुलेको ८३ हजार १४५ रुपियाँ, ल्यापटप १ थान, मोबाइल २ थान तथा अन्य सरकारी कागजातसमेत बरामद गरिएको सहायक प्रवक्ता अधिकारीले जानकारी दिनुभयो।


नियन्त्रणका क्रममा यादव सवार सरकारी नम्बर प्लेटको सवारी साधनसमेत जिल्ला महोत्तरीको गौशाला नगरपालिका-५ निगौलस्थित सम्सी-गौशाला सडक खण्डको गौशालातर्फ जाँदै गर्दा नियन्त्रणमा लिइएको हो। अख्तियारका अनुसार घटनाबारे थप अनुसन्धान भइरहेको छ।


अब अनलाइनबाट बुकिङ्को सुविधा

divyaclinicjanakpur.com



- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाइ बिनाको सुत्केरी




सम्पर्क ठेगाना

दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर

जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,

Phone :9861147201

नैना होस्पिटल प्रा.लि.

जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,

Phone :977041 591035, Mob. 9801674020


'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रक: न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालय: विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४